## Meeting with CIDCA



राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले China International Development Cooperation Agency (CIDCA) का उप मन्त्री Deng Boging सँग द्वीपक्षीय भेटवार्ता गर्नुभयो।

चीनको राजधानी वेइजिङ्गमा आयोजना भइरहेको First High-Level Conference of the Forum on Global Action For Shared Development को आयोजक संस्थाको रूपमा रहेको उक्त संस्था चीन सरकारको अन्तर्राष्ट्रिय सहयोग सम्बन्धी कामहरू हेर्ने निकाय हो।

उक्त भेटवार्ताका क्रममा दुई पक्षबिचमा चीन सरकारद्वारा नेपाललाई घोषणा गरिएका सहयोग अन्तर्गतका विभिन्न कार्यक्रम तथा परियोजनाको कार्यान्वयन प्रगति सम्बन्धमा छलफल भएको थियो। साथै पहिले समझदारी गरिएका प्रमुख connectivity सँग सम्बन्धित आयोजनाहरूलाई छिटो अघि बढाउनका लागि दुवैतर्फबाट गर्नुपर्ने पूर्व तयारीका कार्यहरू बेलैमा सम्पन्न गर्ने बारेमा छलफल भएको थियो ।

यी दुवै भेटवार्तामा चीनका लागि नेपाली पक्षवाट राजदूत विष्णुपुकार श्रेष्ठ लगायत दूतावासका उच्च अधिकारीहरू र नेपाली प्रतिनिधिमण्डलका सदस्य र चीन सरकारका उच्च अधिकारीहरू सहभागी हुनुभएको थियो।